भन्छिन् आमा
समयमै स्वस्थ शुरूवात

# लैङ्गिक समानता र सामाजिक समावेशिकरणको दृष्टीकोणबाट कार्यक्रममा ध्यान दिनुपर्ने कुराहरू



२०७०

USAID
अमेरिकी जनताबाट

सुआहारा
सबैको परिवार फलोस् फुलोस्

### यो सामाग्री किन ?

सुआहारा अन्तरगत संचालन भएका विभिन्न क्रियाकलापहरूलाई लैङ्गिक तथा सामाजिक समाबेशिकरणको दृष्टिकोणबाट प्रभावकारी कार्यान्वयन तथा अनुगमन गर्न सहयोग पुऱ्याउनका लागि यो तयार गरिएको हो ।

### कसले प्रयोग गर्ने ?

यो सामाग्री सुआहाराका कर्मचारी, साझेदार संस्थाका संयोजक, फिल्ड सुपरभाईजरले प्रयोग गर्नेछन् साथै सुआहारा लागू भएको जिल्लाका सम्बन्धित प्रत्यक्ष वा अप्रत्क्ष रूपमा सम्लग्न सबै सरोकारवालाहरूले प्रयोग गर्न सक्नेछन् ।

### कहिले प्रयोग गर्ने ?

सुआहाराले निर्धारण गरेका क्रियाकलापहरू संचालन गर्दा वा संचालन भएका क्रियाकलापहरू अनुगमन गर्न जाँदा सम्बन्धित कर्मचारी र सरोकारवालाले प्रयोग गर्न सक्नेछन् ।

### कसरी प्रयोग गर्ने ?

कुनै पनि क्रियाकलाप कार्यान्वयन गर्दा वा अनुगमनमा जाँदा यस सामाग्रीमा उल्लेख भए अनुरूप संचालन गर्ने वा गराउनका लागि सहयोग गर्ने ।

क्रियाकलाप कार्यान्वयन गर्दा समयमा वा अनुगमन गर्दा यस पुस्तिकामा उल्लिखित भएका बुदाँहरूलाई सम्झनको लागि समय समयमा हेरी लैङ्गिक तथा समाजिक समावेशिकरणका दृष्टिकोणबाट कार्य गर्ने वा गर्न सहयोग गर्ने ।

# लैङ्गिक समानता र सामाजिक समावेशिकरणको दृष्टीकोणबाट कार्यक्रममा ध्यान दिनु पर्ने कुराहरू

| क्रियाकलापहरू | निश्चित गर्ने |
|---|---|
| **एकिकृत पोषण** | |
| स्वास्थ्य आमा समूह छलफल<br> | • वञ्चित समूह/विपन्न वर्गका गर्भवती/आमाहरूको सहभागिता छ या छैन ?<br>• सहभागी हुन नसकेका गर्भवती/आमाहरू सहाभागि हुन नसक्नुका कारणहरू तथा त्यसका समाधानका बारेमा छलफल भयो ?<br>• छलफलमा सहभागी हुन नसकेका गर्भवतीरआमाहरूको घरैमा गएर परामर्श दिइयो ? सहभागी हुन प्रोत्साहन गरियो ?<br>• सबै सहभागीहरूले उत्तिकै रूपमा बोल्ने अवसर प्राप्त गरेका छन् ? वञ्चित समूह/विपन्न वर्गका महिलाहरूको सक्रिय रूपमा सहभागिता रहेको छ ?<br>• वञ्चित समूह/विपन्न वर्गका महिलाहरूलाई सक्रिय सहभागिताकालागि के कस्ता प्रयासहरू गरिए ?<br>• सिकेका कुराहरूलाई व्यवहारमा उतार्ने क्रममा आइपर्ने कठिनाइका बारेमा छलफल गर्ने र नयाँ बाधा बनाउने<br>• सामुहिक रूपमा एक अर्कालाई कसरी सहयोग गर्न सक्छन् भन्ने बारेमा छलफल<br>• कसरी श्रीमान् र परिवारका सदस्यहरूले गर्भवती वा आमाले गर्ने काममा सहयोग गर्न सक्छन् भन्ने विषयमा छलफल (सानो कामबाट शुरूवात)<br>• वञ्चित समूह/विपन्न वर्गका महिलाले उठाएका विषेश सवालहरूबारे छलफल भयो? |
| सहयोगी समूह छलफल<br> | • १000 दिनका महिलाहरूको श्रीमान्/सासु वा परिवारका मूख्य सदस्यको सहभागिता छ ?<br>• विषेशगरी वञ्चित समूह/विपन्न वर्गका महिलाहरूको श्रीमान्, सासु वा परिवारका मूख्य सदस्यहरूको सहभागिता छ?<br>• श्रीमान्, सासु तथा परिवारमा अन्य निर्णय गर्नेहरू संगै छलफल हुँदा उनीहरूको भूमिका नियन्त्रणकारी नभई सहयोगीको रूपमा रहेको छ ?<br>• एकिकृत पोषणसंग सम्बन्धित मुख्य व्यवहारहरू अपनाउनका लागि आई पर्ने समस्या समाधान गर्न कसरी श्रीमन्, सासु, परिवारका अन्य मूख्य सदस्य तथा समूहहरूले गर्भवती/आमाहरूलाई सहयोग गर्न सक्दछन् भन्ने विषयमा छलफल भयो ?<br>• गर्भवती र आमाहरूको घरायसी कामको बोझ कम गर्न सकिने सहयोगका बारेमा छलफल ?<br>• गर्भवती र आमाहरूलाई पोषणका लागि चाहिने स्रोत र सेवामा पहुँच पुऱ्याउने बारेमा छलफल ? |
| घरभेट तथा प्रत्यक्ष कुराकानी<br> | • गर्भवती/आमारूलाई भेटेर कुराकानी गर्दा पहिचान गरिएका बाधा अवरोधहरूमा आधारित रहेर श्रीमान, सासूहरू तथा परिवारका अन्य मूख्य सदस्यसंग कुराकानी भयो ?<br>• श्रीमान, सासू तथा परिवारका मूख्य सदस्यहरूसँगको छलफलबाट आएको गर्न सकिने सानासाना कामका बारेमा सहमति गरियो ?<br>    • बच्चा र आमाको स्वास्थ्य राम्रो र बलियो बनाउन घरायसी कार्यहरू र सरसफाइमा सहयोग |

| | |
|---|---|
| | • टाढा गएर काम गर्नुपर्ने स्तनपान गराइरहेकी आमालाई उनको काममा सहयोग गरी स्तनपान गराउनका लागि समय उपलव्ध गराउने<br>• विविध खालका खाना उपलव्ध गराउन तथा उनीहरूको पहुँचमा पुऱ्याउन<br>• घरायसी खाद्यान्नको उत्पादनमा सहभागी हुने र सहयोग गर्ने<br>• गर्भवती आमा र बच्चाको स्वास्थ्य जाँचको लागि स्वास्थ्य संस्थामा जाने र स्वास्थ्य परामर्श र सेवा लिन सहयोग गर्ने<br>• समुह तथा बैठकमा सहभागी हुनका लागि परिवारमा सहज वातावरण बनाउन<br>• महिलाले आफू र बच्चाको हितका लागि निर्णय गर्न सक्ने वातावरण बनाउने |
| खाना बनाउने प्रदर्शनी<br> | • प्रदर्शनीका बेला १000 दिनका महिला समेत परिवारका मूख्य सदस्यको सहभागिता रहेको छ ?<br>• प्रदर्शनमा गरिए अनुसार चाहिने सामाग्री र सहयोग उपलब्ध गराउन परिवारको बारेमा सदस्यसंग छलफल भएको छ ?<br>• खाना बानाउनु र खुवाउनु अगाडि उपस्थित महिला तथा पुरुष द्धुवैले साबुन पानीले हात धुने अभ्यास गरेका छन् ? |
| सहयोगी सहजकर्ताको परिचालन<br> | • वञ्चित समूह/विपन्न वर्गका १000 दिनका महिला र तीनका परिवारलाई भेटी छलफल भएको छ ?<br>• स्रोत र सेवामा पहुँच नपुगेका १000 दिनका महिला र तीनका परिवारसंग छलफल गरी पहुँचमा पुऱ्याउन पहल भएको छ ?<br>• समूहमा सहभागि हुन नसकेका महिलाहरूलाई समूहमा सहभागि गराउन सकेका छन् ।<br>• भौगोलिक रूपमा टाढा रहेका महिलाहरूको पोषणलाई चाहिने स्रोत र सेवामा पहुँच गराउनका लागि सहयोग गरेका छन् ?<br>• निर्णयकर्ता समूह मित्र साथि सहजकर्ता (श्रीमान्, सासु तथा परिवारका मूख्य सदस्य) ले आफू तहका सहयोगी भूमिकाका लागि उत्प्रेरणा जगाएका छन् ? |
| नमुना व्यक्तिको पहिचान<br>भुमिकाको पहिचान<br>(श्रीमान र सासूआमा) र परिचालन<br> | • तल भनिए अनुसारको भूमिका निर्वाह गरिरहेका जोडी/परिवारका पुरुष सदस्य पत्ता लगाउने र परिचालन गर्ने<br>    • बच्चाको हेरचाह गर्ने, दैनिक क्रियाकलापमा सहयोग गर्ने, घरआगन र चर्पी सफा राख्ने र अन्य त्यस्ता काम जो परम्परागत रूपमा उनीहरुले गर्नुपर्छ भन्ने मान्यता नभएको<br>    • गर्भावस्था जाँच र गर्भपश्चातको जाँच, परिवार नियोजन र अन्य स्वास्थ्य सल्लाह लिन श्रीमतीलाई स्वास्थ्य संस्था जान सहयोग गर्ने ।<br>• गर्भवती, द्धूध खुवाईरहेकी आमा र बच्चाको खानपान व्यवस्था मिलाउने तथा अन्य घरायसी काममा सहयोगी भूमिका भएको,<br>• १000 दिनका महिलाको सहयोगी सासू भएको परिवार<br>• १000 दिनका महिलाको काम र भूमिकालाई सहयोग गर्ने परिवार |

| स्वच्छता तथा सरसफाई | |
|---|---|
| झड्का (Triggering) क्रियाकलाप | **Triggering गर्दा ध्यान दिनुपर्ने कुराहरू**<br>• सबै समुदायका वर्ग र जातजातिको सहभागिता भएको छ ?<br>• Triggering गर्दा महिला तथा वञ्चित समूह/विपन्न वर्गलाई सम्मानित शब्दहरूको प्रयोग भएको छ ?<br>• पुरुषहरूलाई घरको चर्पी बनाउन र सरसफाईका लागि उनिहरूको सहभागिताका लागि सम्वेदनशील र जिम्मेवार बनाउने कार्य भएको छ ? (सरसफाई महिलाको मात्र नभई घरका सबै सदस्यको जिम्मेवारी हो भन्ने बोध गराउने)<br>• समुदायमा नेतृत्व गर्ने मुख्य व्यक्तिहरूलाई समुदाय सफा सुग्घर राख्न तथा वञ्चित/विपन्न घरपरिवारका चर्पी निर्माण गर्ने काममा सहयोग गर्न जिम्मेवार बनाउने कुरामा जोड दिईयो? |
| सामुदायिक स्वच्छता तथा सरसफाई सहजकर्ताको परिचालन<br> | • सहजकर्ताले वञ्चित/विपन्न /सिमान्तकृतहरूको घरदैलो भेट गरी चर्पीको प्रयोगबारे चेतना बढाउन सहयोग गर्ने र चर्पी प्रयोग सम्बन्धी विभिन्न क्रियाकलापहरूमा सहभागी हुन हौसला प्रदान गरेको छ ?<br>• यी समूहहरूलाई (विशेषगरी महिलाको नेतृत्वलाई) गाविससँग विविध स्रोत प्राप्त गर्न सहयोग गरिएको छ ?<br>• गाउँ स्वच्छता तथा सरसफाइ (VWASHCC) समितिमा वञ्चित समूह/विपन्न वर्ग तथा महिलाको प्रतिनिधित्व गराउने विषयमा पहल गरिएको छ ?<br>• खुला दिसा मुक्त क्षेत्रमा वञ्चित समूह/विपन्न वर्गका घरधुरीलाई ध्यानमा राखी अनुगमन गरिएको र स्वच्छन्दता तथा सरसफाईका सम्पूर्ण व्यवहारहरूलाई सुनिश्चत गरिएको छ ?<br>• सरसफाईमा पुरुषको सहभागिता गराउन प्रोत्साहन गरिएको छ ? |
| पुरुष तथा समुदायका प्रतिनिधिहरूलाई (समृद्ध वर्ग) समुदाय एवं चर्पीहरू सफा सुग्घर राख्न सहभागी गराउने (स्वीकार्य गराउने)<br> | • बैठकहरूमा कसरी पुरुष तथा समुदाय नेतृत्वले नमुना व्यक्तित्व को भूमिका निभाउन सक्छन् भन्ने कुराको छलफल (आमा समूह, सहयोगी समूह, सम्बन्धित समितिमा छलफल गर्ने)<br>• पुरुष तथा अन्य समुदाय नेतृत्व गर्नेहरूलाई कसरी सहभागी गराउन सकिन्छ भन्ने विषयमा समितिमा छलफल भएको ।<br>• उनीहरू सरसफाई गर्ने कार्यमा आफैं कसरी सहभागि हुन सक्छन् भन्ने कुरामा छलफल |
| जिल्ला र गाविस स्वच्छता तथा सरसफाई समिति लाई जागरूक बनाउने<br> | • समितिमा महिला तथा वञ्चित समूह/विपन्न वर्गको प्रतिनिधित्व तथा सक्रिय सहभागिता<br>• खुला दिसामुक्त क्षेत्रको अनुगमन गरिने समितिमा महिला तथा वञ्चित/विपन्न वर्गको सहभागिता<br>• समितिहरूले गाविसबाट अनुदान प्राप्त गरेको र वञ्चित समूह/विपन्न वर्गलाई चर्पी निर्माणमा सहयोग पुऱ्याएको<br>• वञ्चित समूह/विपन्न वर्गको समुहलाई लक्षित गरी चर्पी निर्माणमा स्रोत बाडफाँड तथा परिचालनमा पहल गरेको<br>• समन्वय गर्नका लागि समितिसँग वञ्चित समूह/विपन्न वर्गकी महिला प्रतिनिधिलाई सहजीकरण तथा सहयोग<br>• स्वच्छता तथा सरसफाई समितिमा वञ्चित समूह/विपन्न वर्गका मानिसहरू कसरी सहभागी हुन सक्छन् भन्ने बारेको छलफल गरेको ।<br>• समितीका बैठकमा घरघरायसी सरसफाईमा पुरुषहरूको सहभागितामा छलफल भएको |

## स्वास्थ्य सेवाको प्रवर्द्धन

| | |
|---|---|
| प्रत्यक्ष कुराकानी (गर्भाधानका)<br> | • स्वास्थ्य सेवा प्रदायकले महिला, श्रीमान, सासू-ससूरा तथा अन्य मूख्य परिवारका सदस्यसँग उपयुक्त गर्भाधान सयम तथा गर्भान्तर बारेमा घर भेटका समयमा छलफल<br>• श्रीमान्, सासु तथा परिवारका अन्य मुख्य सदस्यसंग पनि छलफल र गर्न सकिने कामका बारेमा सहमती गर्ने<br>जस्तैः<br>• गर्भवती , आमा र बच्चाको स्वास्थ्य जाँचका लागि स्वास्थ्य संस्थामा जाने र स्वास्थ्य परामर्श सेवा लिन सहयोग गर्ने<br>• नियमित गर्भवती, सुत्केरी जाँच गर्न<br>• सुत्केरी गराउन स्वास्थ्य संस्थामा लैजान<br>• परिवार नियोजनको साधनको परामर्श लिन र त्यसको प्रयोगका लागि निर्णय लिन |
| PDQ को माध्यमबाट स्वास्थ्य सेवाको गुणस्तर र पहुँचमा वृद्धि<br> | • महिला र वञ्चित समूह/विपन्न वर्गसँगको छलफल तथा विविध मुद्दाहरुको पहिचान भएको (पहुँच र गुणस्तर)<br>• वञ्चित समूह/विपन्न वर्गका महिलाले पहिचान गरेका मुद्दाहरूलाई सम्बोधन गर्न सहजीकरण<br>• पहिचान भएका विषयमा आधारित छलफल तथा कार्ययोजना निर्माण , कार्यान्वयन र अनुगमन |
| स्वास्थ्य संस्था व्यवस्थापन समितिको क्षमता अभिवृद्धि (वञ्चित समूह/विपन्न वर्गकाहरुको सेवामा पहुँच बढाउन र गुणस्तर सेवा प्रदान गर्न)<br> | • महिला र वञ्चित समूह/विपन्न वर्गसँग नियमित छलफल<br>• समुदायका समस्याका आधारमा र वञ्चित समूह/विपन्न वर्गले उठाएका सवालका बारेमा कार्य योजना बनाउन सहजिकरण<br>• कार्ययोजनाको कार्यन्वयनमा स्वास्थ्य संस्था व्यवस्थापन समिति सँगै समन्वय/कार्य र अनुगमन<br>• स्वास्थ्य संस्था व्यवस्थापन समितिको नियमित वैठकमा महिला/वञ्चित समूह/विपन्न वर्गका प्रतिनिधिलाई नियमित सहभागि हुन र निर्णय प्रकृयामा भाग लिन प्रोत्साहन गर्ने<br>• महिलाका लैङ्गिक आवश्यकताअनुसार गोपनियता तथा सेवाको गुणस्तर कायम राख्नका लागि आधारभुत सहायता उपलब्ध गराउन सहजीकरण गर्ने<br>• स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई नियमित रूपमा महिला, वञ्चित समूह/विपन्न वर्गका स्वास्थ्य सेवा पहुँचका समस्याका खोज र समाधानका लागि सहजिकरण गर्ने। |

## घरायसी खाद्यन्न उत्पादन कार्यक्रम

| | |
|---|---|
| समूह छलफल "घरायसी खाद्यान्न उत्पादन (HFP)"<br> | • वञ्चित समूह/विपन्न वर्गका महिलाहरूको बैठकमा सहभागिता नियमित भइरहेको छ ?<br>• सहभागी हुन समस्याहरू (छलफलमा नियमित सहभागी हुनकालागि अवरोध) र सहभागी नभएका महिलाहरूलाई मद्दत गर्ने उपायहरुका बारेमा छलफल ?<br>• समूह छलफलमा सबै बराबरी सहभागी भइरहेका छन् ? बोल्ने अवसर पाएका छन् ? वञ्चित समूह/विपन्न वर्गका महिलाहरूले सक्रिय सहभागिता जनाएका छन् ? |

| | |
|---|---|
| | • उनीहरुको सक्रिय सहभागिताको लागि जोड दिइयो ?<br>• कुनै खास समस्या (आवश्यक स्रोत, कुखुराको खोर, खाना बनाउनु, समूह छलफल हुने उचित समय आदि बारेमा छलफल गरियो ?<br>• परिवारका सदस्यहरुले गर्भवती र बच्चाको आमालाई बच्चाको हेरचाह, सरसफाई तथा अन्य HFP क्रियाकलापहरुमा कामको बोझ घटाउन कसरी मदत पुर्‍याउन सक्छन् भन्ने सम्बन्धमा छलफल गरियो ? |
| बिउ, चल्ला तथा अन्य प्राविधिक सहयोग<br> | • वञ्चित समूह/विपन्न वर्गका महिलाहरुले कुखुराका चल्ला तथा बिउहरु प्राप्त गरेका छन् ? (के, कति गरेका छन्?)<br>• छनौटमा परेका वञ्चित समूह/विपन्न वर्गमा पर्ने घरधुरीले प्राविधिक सहयोग प्राप्त गरेका छन् ?<br>• वञ्चित समूह/विपन्न वर्गलाई बिउ वितरण वा चल्ला वितरणका क्रममा उठेका विवाद वा समस्याका बारेमा छलफल तथा तिनीहरुको निराकरणका उपायहरु अपनाईयो ?<br>• वञ्चित समूह/विपन्न वर्गका महिलाहरुले कृषि तथा पशु विकास सेवा केन्द्रबाट सेवा प्राप्त गर्न सकेका छन् ।<br>• अति वञ्चित समूह/विपन्न वर्गका महिलाहरुले खोर बनाउन आवश्यक श्रोत प्राप्त गर्न सकेका छन् ? |
| घरभेट/अनुगमन (घरासयी खाद्यान्न उत्पादनमा वृद्धि ल्याउन, स्थानीय व्यवस्थापन पक्षलाई सुदृढ बनाउन सुधारात्मक अनुगमन)<br> | • घरायसी बगैंचा निर्माण तथा घरायसी कुखुरा पालनका लागि परिवार तथा समुदायको सहयोग (कार्यबोझ र खर्चको बाँडफाँड) भएको छ छैन ?<br>• घरायसी खाद्यान्न उत्पादनकालागि महिलाको सक्रिय सहभागिता भएको छ ?<br>  ◦ निर्णय लिने कार्यमा उनको सहभागिता,<br>  ◦ संयुक्त रुपमा निर्णय लिइने अभ्यास गरेको परिवार<br>  ◦ परिवारका सदस्यहरुको घरायसी खाद्यान्न उत्पादन कृयाकलापमा सहभागिता<br>  ◦ के उमार्ने, के फलाउने, के बिक्री गर्ने, कहाँ गर्ने, कसरी गर्ने, आम्दानीको प्रयोग कसरी गर्ने आदिमा महिलाको सहभागिता र निर्णय गर्ने गरेको परिवार<br>  ◦ महिला तथा बालबालिकाले हरियो सागपात, मासु, अण्डा आदिको प्रयोग<br>  ◦ सेवा र प्राविधिक सहयोग प्राप्त गर्न सम्बन्धित निकायसंग (कृषि, पशु सेवा, स्वास्थ्य गाविस) समन्वय गर्न गराउन सकेका महिला |
| भूमिहीनहरुलाई घरायसी बगैंचाका लागि उपलब्ध गराउन सकिने सामुदायिक, सरकारी तथा निजी जमिन खोज गर्न सहयोग | • प्रयोगमा नआएको सरकारी जमिनको उपयोगिताको बारेमा गाविस र कृषि कार्यलयसँग समन्वय र छलफल<br>• (प्रशस्त जग्गा भएका परिवारसँग पनि छलफल गर्न सकिने)<br>• HFP समूहले सामुहिक रुपमा पनि प्रयोग गर्न सकिने कुरामा छलफल |
| महिलालाई स्थानिय वित्तिय संस्था (बचत समूह, सहकारी) मा सदस्य बन्न र खाता खोल्न प्रोत्साहन र सहयोग<br> | • बैठकको समयमा यसको महत्व बुझाइ, अन्य समुह/सञ्जाल तथा वित्तिय संस्थाको जानकारी गराई खाता खोल्न उत्प्रेरणा जगाउने ।<br>• जब VMF हरु समुहमा आबद्ध हुन्छन् खाता खोल्दा एकजना वञ्चित समूह/विपन्न वर्गको महिला समेतको खाता खोल्ने |

| | |
|---|---|
| वञ्चित समूह/विपन्न वर्ग समुहबाट नेतृत्व दिन सक्ने महिलाको पहिचान गर्ने र नेतृत्व विकासको लागि सहयोग गर्ने ।<br> | • आफूले सिकेका कुराहरूलाई लागू गर्नसक्ने, समुदायको कार्ययोजना निर्माण तथा कार्यान्वयनमा सहयोग पुऱ्याउन नेतृत्व दिन सक्ने सम्भावित महिलाको पहिचान गर्ने<br>• नोटः समुदायमा सरसफाई क्रियाकलाप गर्दा नागरिक सचेतना केन्द्र र नागरिक वडा मन्चको वैठकका समूहको बैठक अदिका बेला पहिचान गर्न सकिनेछ ।<br>• यी पहिचान गरिएका महिलाहरूको सुचि तयार गरी क्षमाता विकासका लागि पहल गर्ने । |
| **समन्वय तथा सम्बन्ध** | |
| सम्बन्धित विषयगत कार्यालयहरूसँगको सहयोग/ समन्वय र परिचालन (कृषि, सरसफाई, स्वास्थ्य)<br> | • महिला तथा वञ्चित समूह/विपन्न वर्गको निर्णय प्रक्रियामा हुने भूमिकाका बारेमा समन्वय तथा छलफल भएको<br>• महिलामा वञ्चित समूह/विपन्न वर्गका मानिसहरूले सम्बन्धित निकायसँग स्रोत तथा सूचना माग गर्न सकेको (स्वास्थ्य, जिविस, पशु सेवा, कृषि D/V WACC/FNSSC) आदि)<br>• महिला वञ्चित/विपन्न सम्बन्धित मुद्दाहरूका बारेमा नियमित समन्वय बैठक र छलफल<br>• नियमित रूपमा अनुगमन<br>• वञ्चित समूह/विपन्न वर्गलाई कार्यक्रमको बारेमा जानकार बनाउन तथा उनीहरूलाई किन सहयोगको आवश्यकता छ भन्ने कुराको पहिचान गर्न सहायता पुऱ्याउन संयुक्त अनुगमन गर्ने |
| **सामाजिक परिचालन तथा सुशासन** | |
| नागरिक सचेतना केन्द्र (रिफ्लेक्ट)<br> | सामाजिक परिचालकसँग सहकार्य गरी निम्न कुराहरू निश्चित गर्ने<br>• बैठकमा वञ्चित समूह/विपन्न वर्गका महिलाहरूको नियमित उपस्थिति<br>• छलफलमा भाग लिएको<br>• निर्णय प्रक्रियामा सहभागि भएको<br>• सामुद्वायिक छलफल, गाविस परिषद तथा निर्णय लिइने अन्य मञ्चहरूमा लैङ्गिक र सामाजिक समावेशिकरण उनीहरूको सहभागिता<br>• एकिकृत पोषणसंग सम्बन्धित निकायसंग सूचना स्रोत भएको सेवा माग गर्न सेकेको (स्वास्थ्य, कृषि, पशु, गा.वि.स., आदि) |
| नागरिक वडा मञ्च<br> | सामाजिक परिचालकसँग सहकार्य गरी निम्न कुराहरू निश्चित गर्ने<br>• बैठकमा वञ्चित समूह/विपन्न वर्गका समुद्वायका पूरूष तथा महिलाहरूको नियमित उपस्थिति भएको<br>• छलफलमा भाग लिएको<br>• निर्णय प्रक्रियामा सहभागि भएको<br>• सामुद्वायिक छलफल, गाविस परिषद तथा निर्णय लिइने अन्य मञ्चहरूमा उनीहरूको सहभागिता<br>• लैङ्गिक र सामाजिक समावेशिकरण का सवालमा छलफल भएको छ ?<br>• कुनै पनि सवालमा छलफल हुँदा लैङ्गिक पक्षलाई पनि हेरिएको । |

नोट:

नोट: